# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७८

## गन्यापधुरा गाउँपालिका
## डडेल्धुरा




महालेखापरीक्षकको कार्यालय

काठमाण्डौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**(लुम्बीनी, कर्णाली र सूदुरपश्चिम प्रदेश)**


प.सं. २०७८।७९ मितिः२०७८।५।४

च.नं १०८

श्री अध्यक्षज्यू,

गन्यापधुरा गाउँपालिका, डडेल्धुरा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखपारीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

..................................

**( नारायण एम.सी. )**

नायब महालेखापरीक्षक

***बोधार्थः***

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**सिंहदरवार, काठमाडौं** — प्रतिवेदन संलग्न छ ।


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal


## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

## (लुम्बीनी, कर्णाली र सूदुरपश्चिम प्रदेश)

प.सं. २०७८।७९ मितिः २०७८।५।४

च.नं १०९

श्री अध्यक्षज्यू,

गन्यापधुरा गाउँपालिका, डडेल्धुरा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले गन्यापधुरा गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यस संग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्तगर्ने आधार**

१. लेखापरीक्षणबाट रु १ करोड २६ लाख ३२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुलगर्नुपर्ने रु. १ लाख ८८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड २० लाख ८ हजार, नियमित गर्नुपर्ने रु. ४ लाख ३६ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।१५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना बाईस (२२) यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सगं सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

.............................

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

# गन्यापधुरा गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७६।७७

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ ।यस गाउँपालिका अन्तर्गत ५ वडा, २८ सभा सदस्य, १३५.६५ वर्ग किलोमिटर क्षेत्रफल तथा १५०९३ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोषः** आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १४९७५४५१.६० | १ | **चालु खर्च** | २२०३७८२९९.५० | २२०३७८२९९.५ |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | ११३६१५१७५.२० | ११३६१५१७५.२ |
| | ख) बैंक | १४९७५४५१.६ | | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व ( आन्तरिक आय)** | | ४२४०१७७१.०० | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ३२३४७१६.०० | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ३९१६७०५५.० | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | **लगानी** | | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | २५३२५१६००.०० | | ऋण लगानी | | |
| | क)वित्तिय समानीकरण अनुदान | ७३२००००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १६६७५१६०० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | १३३००००० | | ५ | **धरौटी फिर्ता** | ९६३३२९.०० | ९६३३२९.०० |
| | घ) विशेष अनुदान | | | ६ | **जनश्रमदान फिर्ता** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १३५६८०००.०० | ७ | **कोष फिर्ता** | १३३०००००.०० | १३३०००००.०० |
| | क) वित्तिय समानीकरण अनुदान | ६८१४००० | | ८ | **मौज्दात** | | |
| | ख) सशर्त अनुदान | ६७५४००० | | | क) बैंक मौज्दात | -३०८४८२१.११ | -३०८४८२१.११ |
| | ग) समपुरक अनुदान | | | | ख) नगद मौज्दात | | |
| | घ) विशेष अनुदान | | | ९ | **शसर्त अनुदान फिर्ता** | ४१८७१३२९.०० | ४१८७१३२९.०० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | १० | **गत बर्षको बढी अल्या** | | |
| ६ | **अन्य** | | ५०००००.०० | ११ | **जनश्रमदान मौज्दात** | | |
| | क) क्षेत्रीय शहरी विकास योजना | | | १२ | **धरौट मौज्दात** | ११९४५१४.०० | ११९४५१४.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) सडक बोर्ड नेपाल | | | १३ | **कोष खाताको मौज्दात** | | |
| | ग) पर्यटन बोर्ड नेपाल | ५००००० | | | | | |
| | घ) अन्तर सरकारी अख्तियारी | | | | | | |
| | ङ) एन एन एस डब्लु ए | | | | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त** | २१५७८४३ | २१५७८४३.०० | | | | |
| १० | **धरौटी आय** | | | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | | | |
| १२ | **अन्य विविध आय** | | | | | | |
| १३ | **अन्तर सरकारी अख्तियारी** | ६१३८३१६० | ६१३८३१६०.०० | | | | |
| | **जम्मा** | | ३८८२३७८२५.६ | | **जम्मा** | | ३८८२३७८२५.६ |

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>• वित्तीय विवरण विश्लेषण</td><td></td></tr>
<tr><td>१.</td><td>वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँगाउँपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँगाउँपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु १७०५३४३७.७२ ले फरक देखिएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.</td><td>बैक हिसाब मिलान नगरेको – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।<br><br>
<table>
<tr><th>सि.नं</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार २०७७।३।३२को बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार २०७७।३।३२ को बाँकी</th><th>फरक</th></tr>
<tr><td>३</td><td>चालु खर्च खाता</td><td>२०३५०३५.४०</td><td>६३८८०५७.३०</td><td>४३५३०२१.९</td></tr>
<tr><td>४</td><td>पुजिगत खर्च खाता</td><td>६११५५९६.२०</td><td>१३०९७९७६.८०</td><td>१२४८६३८०.६</td></tr>
<tr><td>५</td><td>धरौटी खाता</td><td>११९४५१४.००</td><td>१२६०५६१.००</td><td>६६०४७</td></tr>
<tr><td>७</td><td>प्रकोप ब्यवस्थापन</td><td>७२४३०८.३७</td><td>२२०४१९३.५९</td><td>१४७९८८.२२</td></tr>
<tr><td>८</td><td>संचितकोष खाता</td><td>६३५४७२४.००</td><td>६३५४७२४.००</td><td>००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१६४२४१७७.९७</td><td>२९३०५५१२.६९</td><td>१७०५३४३७.७२</td></tr>
</table>
</td><td></td></tr>
</table>

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आ आफ्नो कोषको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको छैन। यस सम्वन्धमा देखिएका व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• गाउँपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु. ६३८८०५७.३०, पुजीगत खर्च खातामा रु. १३०९७९७६.८० र विभाज्यकोषमा रु.० समेत गरी रु. १९४८६०३३.३ मौज्दात रहेको पाईयो ।<br>• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको छैन।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सो वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| | • **बजेट तथा कार्यक्रम** | |
| ६. | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान गाउँपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकमा मिति २०७६।३।१० गते रु.३३ करोड ५५ लाख २० हजार ११३ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ७. | **गत बर्षको दायित्व -**आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ ।स्थानीय तहले २०७५।७६ मा बिभिन्न संस्था,उपभोक्ता समिति, फर्महरुलाई रु. २०२९७६८९.५ भुक्तानी दिन बाँकी रहेको बिबरण राखी प्रमाणीत नगराई यो बर्ष भुक्तानी गरेको देखिन्छ । २०७६।७७ को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ । | |
| ८. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ९. | **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएकोप व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र. सं. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| | चालु खर्चतर्फ | १६८९५१ | २१५६७ | ५२५९७ | ९४७८६ | १९९७१ |
| | पूँजिगत खर्चतर्फ | १०३६५९ | ९९४९ | २९५३६ | ६४१७१ | ५१०१३ |
| | **जम्मा** | २७२६१० | ३१५१६ | ८२१३४ | १५८९५८ | ७०९८४ |
| | प्रतिशत | | ११.५६ | ३०.१३ | ५८.३१ | २६.०४ |

गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार अन्तरसरकारी अख्तियारी बाहेक रु २७२६१०३१४.० खर्च भएकोमा प्रथम चौमासिकमा रु. ३१५१६९५९.० अर्थात ११.५६ प्रतिशत, दोश्रो चौमासिकमा रु. ८२१३४३८०.० अर्थात ३०.१३ प्रतिशत र तेश्रो चौमासिकमा रु. १५८९५८०००.० अर्थात ५८.३१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ७०९८४६५२ अर्थात २६.०४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१०. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा बजेटको तुलनामा |
| १ | आर्थिक विकास | २१२९२३६०।०० | १५२९२३२९।०० | ७१.८२ |
| २ | पूर्वाधार विकास | ८२६७२६४०।० | ६७०५८१७०।०० | ८१.११ |
| ३ | सामाजिक विकास | १३८५२१०००।०० | ११४६००८८२।०० | ८२.७३ |
| ४ | बातावरण तथा विकास | ५५०००।० | ११९६७० ।० | २१.७६ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २८३६०००।०० | १८४२७४०।०० | ६४.१८ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ८९६४८११३।२० | १३५०७९६८३.७० | |
| **जम्मा** | | ३३५५२०११३।० | ३३३९९३४७४.७ | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी प्रतिशत सामाजिक विकासमा खर्च गरेको छ भने वातावरण तथा विकासमा रकम खर्च गरेको छैन।

११. **खर्च बिश्लेषणः** गाउँपालिकाको अन्तर सरकारी अख्तियारिबाहेक यसबर्ष कुल आन्तिरक आयबाट रु ३२३४७१६.० राजस्व बाँडफाँड र अनुदानबाट रु ३८५००३१०.६ समेत रु. आम्दानी भएकोमा चालु तर्फ रु. २२०३७८२९९.५० र पूँजिगत तर्फ रु. ११३६१५१७५.२० र बित्तिय ब्यबस्था तर्फ रु ०.०० समेत रु ३३३९९३४७४.७ खर्च भएको छ।खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९ प्रतिशत रहेको

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

छ।गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६५.९ प्रतिशत चालु र ३४.० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ।यसबाट गाउँपालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१२. **लक्ष्य प्रगति :** कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका १२८३ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ६ | | | | ६०.९३ |
| रकम | २७२६१०३१४.७१ | | | | |

**संगठन तथा कर्मचारी ब्यवस्थापन**

१३. **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।तर गाउँपालिकाले विभिन्न पदमा ४७ जना कर्मचारीहरु करारमा राखि रु १०७५८०००.० खर्च लेखेको छ। साथै गाउँपालिकाले देहाय बमोजिमको पदमा स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी राखी तलब भत्ता खर्च लेखेको छ ।

१४. **वडा सचिवको पदपूर्ति :** गाउँपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।रिक्त वडा सचिवको पदपूर्ति गरिनुरपर्दछ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ५ | ५ | २ | ३ |

१५. **कानुन निर्माण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार २ वटा ऐन र १ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

१६. **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७५/७६ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ६७ | २९ | २६ | ११ | १० | १४३ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु. १ लाखसम्मका जम्मा ६७ वटा योजना संचालन गरेकोमा रु.२ लाख भन्दा मुनिका मात्र ९६ वटा योजनाहरु रहेका छन् । त्यसैले साना र वितरणमुखी योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावीत नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| | • **कानून निर्माण एवं कार्यान्वयन** | |
| १७. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको, यो बर्ष थप भएको ५ विवाद दर्ता भएकोमा ३ वटा फछ्र्यौट भएको छ भने २ वटा फछ्र्यौट बाँकी रहेको छ। | |
| १८. | **आन्तरिक लेखापरीक्षण प्रतिवेदनः**<br>स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७७(२),(३) मा स्थानिय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ, आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै सम्परीक्षण गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । गाँउपालिकाले यो वर्ष आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाबाट गराएकोमा प्रतिवेदन गरेको छैन । ऐनले गरेको व्यवस्था बमोजिम प्रतिवेदन गरी प्रतिवेदनमा औंल्याइएका कैफियतहरुको सम्परीक्षण गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| | • **पदाधिकारी सुविधा** | |
| १९. | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा गाउँसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाउँपालिकाबाट रु ७७९०००.० मासिक सुविधा वापत भुक्तानी भएको छ ।साथै २०७७ श्रावण र भाद्रको मासिक पारिश्रामिक रु ५५०२४०/- भुक्तानी भएको छ । | |
| २०. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु ४०००००.० खर्च गरेको छ । | |
| २१. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर गाउँपालिकाले यस वर्ष रु. ३०६०००.० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| | • **अनुदान फिर्ता, वितरण र उपयोग** | |
| २२. | **सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गाउँपालिकाले ४ थान सवारि साधन खरिदमा रु. ६९३४९००.० खर्च गरेको छ।

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | मोटरसाईकल | १ | ४८४९००.० |
| २ | डोजर/लोडर | १ | ४३४५०००.० |
| ३ | ट्रक/टयाक्टर | १ | २१०५०००.० |
| | **जम्मा** | | ६९३४९००.० |

- **कर दस्तुर एवं आन्तरिक आय**

**२३.** **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित १करोड आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु. ३२३४७१६.०० अर्थात अनुमान भन्दा ६७.६५प्रतिशत घटी आय प्राप्त गरेको छ।आम्दानीका अन्य स्रोतको समेत पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

**२३.१.** **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।गाउँपालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।रु हजारमा

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३८५००३१०.६ | ३२३४७१६.०० | ८.४ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८.४ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**२३.२.** **आम्दानी खाताः** गाँउपालिकाले यो वर्ष आन्तरिक आय तर्फ रु ३२३४७१६/- आय गरेको छ ।आम्दानी तर्फ दैनिक रुपमा प्राप्त भएको र बैंक दाखिला देखिने गरी अभिलेख खडा गरेको छैन । आम्दानी तर्फ गोश्वारा भौचर खडा गरी श्रेस्ता अद्यावधिक गरी राख्नु पर्ने देखिन्छ ।

**२४.** **कर तथा शुल्क असुली** -स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।रु हजारमा

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ४००००००.०० | १२५००००.०० | ३१.२५ |
| घरजग्गा वहाल कर | १००००००.०० | ५५०५००.०० | ५५.०५ |
| व्यवसाय कर | ३००००००.०० | ९३००००.०० | ३१.०० |

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>

| | | | |
|---|---|---|---|
| अन्य | २००००००.०० | ५०४२१६.०० | २५.२१ |
| **जम्मा** | १००००००००.०० | ३२३४७१६.०० | ३२.३५ |

गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>राजश्व अभिलेख : कार्यालयलको राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ।गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा, छपाई भएको नगदी रसिदहरुको आम्दानी, वितरण तथा फिर्ताको पुरा अभिलेख गाउँपालिकामा आएको देखिएन।अघिल्लो आ.व.को समेत विवरण पेश नभएकोले बाँकी के कति छन् यकिन गर्न सकिएन।यसर्थ कार्यालयमा वास्तविक आम्दानी भएको राजस्व दाखिला भए/नभएको सम्बन्धमा तहाँबाटै छानबिन गरिनुपर्दछ।साथै सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने र आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>२६.</td><td>राजश्व दाखिला : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ५ वटा वडा गाउँपालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन ।यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ।कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको सम्बन्धमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>• उपभोक्ता समिति मार्फत कार्य</td><td></td></tr>
<tr><td>२७.</td><td>प्राविधिक विल सम्वन्धमा:सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३सम्झौता मा खरिद (१) अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दप्राविधिक नाँपजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको कतिपय ठेक्का विलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्यांकनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । यसरी काम गर्ने क्रममा लागत अनुमान भन्दा वास्तविक काममा केहि न केहि मात्रामा कम अथवा बढि हुने नै गर्दछ । तसर्थ लागत अनुमान वरावर नै मूल्यांकन भएको देखिएकोले वास्तविक काम कति भएको हो भन्ने सम्वन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्यसम्पन्न प्रतिवेदनमा कार्यसम्पन्न गर्नुपर्ने मिति र कार्यसम्पन्न भएको मिति उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधकले उपभोक्ता समितिको विल वनाउँदा नापजाँच गरी वास्तविक कार्यसम्पादनका आधारमा बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२८.</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३)घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गाउँपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन ।साथै नियम ९७ मा उपभोक्ता समितिले प्रत्येक (७) किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>केही गरौं आफ्नै भूमिमाः गाँउपालिकाको नीति तथा कार्यक्रम र बजेटको उदेश्यमा "केही गरौं आफ्नै भूमिमा " भन्ने भावनाको विकास गराउने भनि उल्लेख गरेको छ ।नीति तथा कार्यक्रम र बजेटको उदेश्यमा उल्लेख गरिएको सो कार्यक्रमको लागि केन्द्र विन्दु गरी रोजगारी सिर्जना गर्ने तथा उत्पादनमूलक कार्यक्रम उल्लेख गरी बजेट विनियोजन गरेको पाइएन । केही गरौं आफ्नै भूमिमा भन्ने उदेश्यमा गाँउपालिका भन्दा बाहिर गएको दक्ष जनशक्तिलाई आफ्नै गाँउपालिकामा केही गरौं भन्ने भावना जागृत गराउने जस्ता कार्यक्रम राखी बजेट विनियोजन गराउन सके गाँउपालिकाको आयश्रोतमा समेत सकरात्मक प्रभाव पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>गन्याप ताल संरक्षणः गाँउसभाले यस आ.व.मा यस क्षेत्रको सम्भावनाको रुपमा रहेको गन्याप ताल संरक्षण,पुर्वाधार विकासको लागि विस्तृत सर्भे,डिजाइन र बहुवर्षिय योजना तयार गर्ने भनि उल्लेख गरेको छ ।पर्यटिकय क्षेत्रको रुपमा रहेको सो गन्यापताल संरक्षण र पुर्वाधार विकासको लागि कार्यक्रम बनाएको तर बजेट विनियोजन गरेको देखिएन ।बजेटमा उल्लेख गरिएको कार्यक्रममा बजेट विनियोजन गर्दै जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td>सशर्त कार्यक्रम</td><td></td></tr>
<tr><td></td><td>संघीय सरकार पूंजिगत तर्फः</td><td></td></tr>
<tr><td>३१.</td><td>सडक मर्मत समुहः सारबजनिक खरिद नियमावली २०६४ कव नियम ११७ अनुसार सार्बजनिक निकायले सम्पन्न भएको निर्माण कार्य आपूर्तिभएको मालसामान वा प्रदान गरीएको सेवा सम्पन्न कार्यको प्रतिवेदनको आधारमा स्वीकार गरी सोही वमोवजिम भुक्तानीको लागि लेखि पठाउन सकिने ब्यवस्था गरेको छ । यस पालिका अन्तर्गत निर्माणाधिन सडकहरुको मर्मत कार्यको लागि मर्मत समुह संग संझौता गरेको र सो संझौता अनुसारको रकम निम्नानुसार समुहको खातामा रु २१,०१,९६०।- पठाएकोमा ति समुहहरुले तोकिएको सडक हरुमा मर्मत कार्यमा संलग्न श्रमिकहरुले रकम बुझेको भर्पाई पेश हुनु पर्ने रु
<table>
<tr><th>गो भौ नं. र मिति</th><th>समुहको नाम</th><th>भुक्तानी महिना</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४,१०,१४ र ८९</td><td>बडाल सडक मर्मत समुह</td><td>२०७६ श्रावण देखि ०७७ आषाढ</td><td>४६१५६८</td></tr>
<tr><td>४,१०,१४ र ८९</td><td>बडाल सडक मर्मत समुह</td><td>२०७६ श्रावण देखि ०७७ आषाढ</td><td>५२९३९२</td></tr>
<tr><td>४,१०,१४ र ८९</td><td>बडाल सडक मर्मत समुह</td><td>२०७६ श्रावण देखि ०७७ आषाढ</td><td>४५७९६०</td></tr>
<tr><td>४,१०,१४ र ८९</td><td>बडाल सडक मर्मत समुह</td><td>२०७६ श्रावण देखि ०७७ आषाढ</td><td>६५३०४०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२१०१९६०।-</td></tr>
</table></td><td>२१०१९६०.०</td></tr>
<tr><td>३२.</td><td>मापन बढी गरेकोः१९।०७६।२।१४ सार्वजनिक खरिद नियमावली २०६४को नियम १२३ बमोजिम (ख) निर्माण कार्यको प्राविधिक नाप जाँच गरी नापी किताबमा उललेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिलको भुक्तानी गर्नु पर्ने व्यवस्था छ।पालिकाले वडा नं ५को स्वास्थ्य चौकी निर्माणको लागि निर्माण व्यवसायी एस के कन्स्ट्रक्सन संग २०७७।१०।१५ सम्ममा कार्यसम्पन्न गर्ने गरी रु २९,२२,७९३।९४मा संझौता भएकोमा निजले पेश गरेको प्रथम रनिङ विलको रु १३,०६,२८०।-</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>भुक्तानी दिंदा ड्रईङ्ग अनुसार कार्य नगरेको, भुक्तानीको लागि पेश गरेको रनिङ विलमा वालको परीमाण मापनमा झ्याल ढोकाको अंश घटाउंदा फरक पारेको जस्तै ड्रईङ्ग अनुसारको ६ वटा झ्यालको पार्ट घटाउनु पर्नेमा ५ वटा मात्र घटाएको देखिएको र करीडोरको पार्ट तर्फ वास्तविक कार्य भन्दा फरक मापन गरेको देखिंदा सो सम्वन्धमा पुन मापन गरी यथार्थता यकिन गर्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३२.१.</td><td>बिमाको बढी भुक्तानीः उपरेक्त बमोजिमको विलको रकम भुक्तानी गर्दा बीमा प्रिमियम वापत रु २५०००। भुक्तानी गरेकोमा रु २१,७१५।२१को मात्र प्रिमियम तिरेको प्रमाण पेश हुन आएकोले बढी भुक्तानी गरेको रु ३,७११।असुल हुनुपर्ने देखिएको रु</td><td>३७११.०</td></tr>
<tr><td>३२.२.</td><td>उपरोक्त बमोजिम भवनको नापि किताव तथा सोको ड्रईङ्ग अनुसार फउण्डेशनमा स्टोन सोलिङको काममा २ वटा करीडोरको लम्वाई३.५३ र चौडाई ६.२ हुनु पर्नेमा क्रमश १२.७५ र १.६५ मापन गरेको र सेप्टी ट्यांकको भाग नघटाएकोले सो घटाउंदा जम्मा १६.०७ घनमीटर हुनु पर्नेमा १९.६० घनमीटर मापन हुंदा ३.५३ घनमीटरको प्रति घ.मी. रु ३,५००।ले मु अ कर समेत रु १३,९६१।- बढी भुक्तानी भएको असुल हुनु पर्ने रु</td><td>१३९६१.०</td></tr>
<tr><td>३३.</td><td>नाफामूलक संस्थालाई अनुदान – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन।नाफामूलक तथा सहकारी संस्थाले शेयर सदस्यहरुको हितमा मात्र काम गर्ने साथै लगानी रकम, दक्ष जनशक्ति, उपकरण र व्यवस्थापकिय क्षमता नभएको निकायलाई अनुदान दिँदा सोबाट लाभग्राहीलाई प्रत्यक्ष फाईदा हुने सुनिश्चितताबिना नाफामूलक तथा सहकारी संस्थाले शेयर सदस्यहरुको हितमा मात्र काम गर्ने साथै लगानी रकम, दक्ष जनशक्ति, उपकरण र व्यवस्थापकिय क्षमता नभएको निकायलाई अनुदान दिँदा, लाभग्राहीलाई प्रत्यक्ष फाईदा हुने सुनिश्चित नहुने भएकोले, रकम भुक्तानी गरिनु उपयुक्त देखिएन । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन तथा भवन निर्माण खर्चमा रु. ३७८६५०.० उपलब्ध गराएका छन् ।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।
<table>
<tr><th>सि.नं.</th><th>अनुदान पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>महिला साना किसान कृषक सहकारी सँस्था लि.</td><td>भवन निर्माण</td><td>३७८६५०.०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३७८६५०.०</td></tr>
</table>
यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३४.</td><td>पदाधिकारीलाई अनुगमन भत्ता - सूदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा १ सँग समबन्धीत अनुसूची १(ख) मा निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ, तथा कर्मचारीहरुले कार्यालयको नियमित काम कारवाही संचालन गर्दा अतिरिक्त भत्ता वा लाभ लिन मिल्ने देखिदैन । गाउँपालिकाको पदाधिकारी तथा कर्मचारीहरुले देहायको कार्यक्रममा अनुगमन भत्ता बुझेकोमा, नतोकिएको भत्तामा भुक्तानी भएको रु १४८९५०.०सम्बन्धितबाट अनियमित खर्च रु
<table>
<tr><th>भौ.नं/मिति</th><th>व्यहोरा</th><th>पदाधिकारी संख्या</th><th>खुद भुक्तानी</th></tr>
<tr><td>३७/२०७६/९/१६</td><td>स्वयम सेविकाहरुले १००० दिनको आमाहरुको लगत लिने कार्यक्रम</td><td>९</td><td>१६०००.०</td></tr>
</table></td><td>११८९५०.०</td></tr>
</table>

| दफा | भौ.नं, मिति र ब्यहोरा | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | १७/२०७७/२/१ | कक्षा ८ परीक्षा संचालन पूर्वतयारी अनुगमन | ५ | ३००००.० | |
| | २६/२०७७/३/३१ | विविध कार्यक्रम अनुगमन तथा निरिक्षण | ७ | ५००००.० | |
| | ११/२०७६/११/२९ | Talking Teacher कार्यक्रमको प्रभावकारिभताको लागि जनप्रतिनिधिबाट अनुगमन | ६ | २२९५०.० | |
| | जम्मा | | | १४८९५०.० | |
| ३५. | **करकट्टी :** आयकर ऐन,२०५८ को दफा ८८ मा परामर्श सम्बन्धी कार्य गरेवापत रकम भुक्तानी गर्दा सम्झौता अनुसार १५ प्रतिशतको दरले अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बहुउद्देश्ययीय विकास समाज, डडेल्धुरा सामाजिक परिचालन तथा प्राविधिक सहयोग बापत सो सँस्थाको बिलबिना रु ५४००५.० भुक्तानी गरेकोमा १५ प्रतिशतका दरले अग्रिम करकट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा, अग्रिम करकट्टी नगरि भुक्तानी गरेकोले, कर छुट भएको रकम रु ८१००.७५ सम्बन्धित संस्थाबाट असुलउपर गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु. | | | | ८१००.० |
| ३६. | आयकर ऐन,२०५८ को दफा ८८ मा परामर्श सम्बन्धी कार्य गरेवापत रकम भुक्तानी गर्दा सम्झौता अनुसार १५ प्रतिशतको दरले अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उग्रतारा ड्राईभिङ्ग ट्रेनिङ्ग सेन्टरलाई लागत अनुमान बिना ड्राईभिङ्ग तालिमको सम्झौता गरी सो सँस्थाको बिलबिना रु ५०००००.० भुक्तानी गरेकोमा १५ प्रतिशतका दरले अग्रिम करकट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा, अग्रिम करकट्टी नगरि भुक्तानी गरेकोले, कर छुट भएको रकम रु ७५०००.० सम्बन्धित संस्थाबाट असुलउपर गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु. | | | | ७५०००.० |
| ३७. | **योजना हस्तान्तरणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समुदाय मार्फत निर्माण सम्पन्न योजना निर्माण सम्पन्न भएपश्चात्त आयोजनाको स्वामित्व सोही समितीलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको, कार्यालयले सो बमोजिम योजना हस्तान्तरण गरेको पाईएन । योजना हस्तान्तरण नहुँदा सोको रेखदेख, मर्मतको जिम्मेवारी समेत कार्यालयलमा रही थप व्ययभार थपिन जाने देखिन्छ । | | | | |
| ३८. | **निर्माण कार्यको गुणस्तरः** सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने, कालोपत्रे सडकककको परिक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ । | | | | |
| ३९. | **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामानको गुणस्तर परीक्षण भए नभएको निरीक्षण/परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । गाँउपालिकाले संचालन गरेको गौलीगाँउ खानेपानि योजनामा ग्याबिन जालि प्रयोग गरी सो बापत आईटम नं ५ मा रु ७६८०००/- भुक्तानि गरेकोमा सो को गुणस्तर परीक्षण प्रतिवेदन राखेको छैन ।गुणस्तर परीक्षण प्रतिवेदन नभई भुक्तानि गरेकोमा सो को प्रमाण पेश गर्नुपर्ने रु | | | | ७६८०००.० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४०. | **बीमा गराउनुपर्नेः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैंयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बिमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश भएका छैनन्। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागथि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ । | |
| | **सशर्त चालुतर्फ** | |
| ४१. | **मुक्त हलिया कार्यक्रमः** मुक्ता हलिया पुनःस्थापनाको ढँचा र कार्ययोजना २०७०को बुंदा नं.४.१.३ अनुसार आफ्नो स्वामित्वमा घर जग्गा दुबै नभएको लाई क बर्गको रातो, घर भएको जग्गा नभएको लाई ख बर्गको खैरो ,जग्गा भएको घर नभएको लाई ग बर्गको हरियो र घर जग्गा दुबै भएको लाई घ बर्गको सेतो परिचय पत्र प्राप्त गरेका मुक्त हलियाहरुको लागि क बर्गको हकमा जग्गा खरिदको लागि रु २ लाख बर्ग क र ग को लागि घर निर्माणको लागि हिमाली र पहाडी जिल्लाको हकमा रु ३,२५,०००/- र बर्ग ख र घ को लागि घर मर्मत वापत प्रति परीवार रु १ लाख २५ हजार अनुदान उपलब्ध गराउन सकिने र ख बर्गको हकमा बन क्षेत्र वाहेक प्रति एवं ऐलानी जग्गामा वसेको भए हिमाली र पहाडी जिल्लाकोहकमा ३ रोपनी सम्मको जग्गा दर्ता गराई दिन आबस्यक प्रकृया अबलम्वन गर्ने व्यवस्था गरेको छ । यदि सो दर्ता हुन नसकेको हकमा मात्र क र ग बर्गको परीचय पत्र प्राप्त मुक्त हलिया हरु सरह सुबिधा उपलब्ध गराउन सकिने ब्यवस्था गरेको छ।यस पालिकाले सो अनुदान प्रदान गरेको सम्वन्धमा देखिएको व्यहोरा निम्न छन् । | |
| ४२. | उपरोक्त बमोजिम ख बर्गको हकमा प्रति तथा ऐलानी जग्गामा वसोबास गरे नगरेको र सो जग्गा निजहरुको नाममा दर्ता हुन नसकेको स्पष्ट आधार प्रमाण वेगर क बर्ग अनुसार जग्गा खरिद गर्न रु २ लाखको दरले १४ घर परीवारको रु २८,००,०००/- भुक्तानी गरेको देखिएकोले सो सम्वन्धमा आधार प्रमाण पेश हुनु पर्ने देखिएको | २८०००००.० |
| | **गाउँपालिका पूँजीगततर्फ** | |
| ४३. | **सोझै खरिदः** ४३/२०७७/३/३१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा कार्यालयले रु ५ लाखसम्म लागत अनुमान भएको निर्माण कार्य तथा मालसामानमात्र सोझै खरिद गर्न पाउने व्यवस्था गरेको छ।कार्यालयले आवास तथा सभाहल घेरबार तथा बाउन्ड्री वाल निर्माणका लागी लागत अनुमान टुक्राई देहायका फर्मबाट पटक पटक गरी सोझै खरिद गरी रकम भुक्तानी गरेको छ।एकै स्थानमा एकै कार्य गर्नको लागी विभिन्न फर्मसँग सोझै खरिदमार्फत कार्य गराई रकम भुक्तानी गर्नुले खरिदमा मितव्ययीता कायम भएको देखिएन । | |

| भौ.नं/मिति | योजना | फर्मको नाम | रकम |
|---|---|---|---|
| ८/२०७६/७/३ | जनप्रतिनिधि आवास घेरवार | एस.के.कन्स्ट्रक्सन | ४७८५२०.० |
| ९/२०७६/७/३ | गा पा उपप्रमुख घेरवार | पर्फेक्ट कन्स्ट्रक्सन | ४७९३९९.० |
| १०/२०७६/७/३ | गा पा प्रमुख आवास रिटेनिङ्ग | आर.बि.निर्माण सेवा | ४२३०२८.० |
| ११/२०७६/७/३ | सभाहल बाउन्ड्रि वाल निर्माण | दिपक निर्माण सेवा | ४७९१३६.० |
| १२/२०७६/७/६ | गा पा प्रमुख आवास घेरबार | क्रियटिभ बिल्डर्स | ३९२४८७.५१ |
| १३/२०७६/७/६ | जनप्रतिनिधि आवास बाल निर्माण | श्री मणिलेक एण्ड सहस्रलिङ्ग निर्माण सेवा | ४७८८५५.३ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| १४/२०७६/७/६ | गा पा प्रमुख आवार घेरबार निर्माण | जि.एम्. कन्स्ट्रक्सन | ४९८२६९.७५ |
| १५/२०७६/७/७ | सभाहल घेरबार | बिशाल कन्स्ट्रक्सन | ४७८८८२.०६ |
| **जम्मा** | | | **३७०८५७७.६२** |

४४. **आमा समूह भवन सरसफाई तथा मर्मतः** २२/२०७६/८/४, सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ बमोजिम एक लाखभन्दा माथिको खरिद वा निर्माण कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्दछ भने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) बमोजिम सार्वजनिक निकायले सम्पन्न निर्माण कार्यको कार्यसम्मपन्न प्रतिवेदन तयार गर्नुपर्दछ। कार्यालयले आमा समूह भवन व्यवस्थापन समितिलाई सरसफाई तथा सामान्य मर्मत बापत १३ आमा समूहलाई रु २००००.० का दरले रु २६००००.० भुक्तानी गरेको छ भने सामग्री खरिदबापत रु ३०३३४८.५ भुक्तानी गरेको छ। आमा समूहले खरिद गरेको सामग्रीको वितरण भरपाई पेश भएको छैन भने मर्मत तथा सरसफाईको लागत अनुमानबिना, आमा समूहलाई भुक्तानी भएको नियमसम्मत नदेखिएको रु

बेरुजू रकम: २६००००.०

४५. **सबकन्ट्रयाक्टरबाट कार्य गराएको** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ ।कार्यालयले देहायका उपभोक्ता समितिसँग बाटो खन्ने, कार्यको सम्झौता गरेकोमा, उपभोक्ता समितिले देहायका निर्माण व्यावसायी मार्फत कार्य **Sub Contract** मा दिई काम गराएको देखियो। नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ। संलग्न कार्यसम्पन्नमा मान्छेबाट कार्य गरेको प्रमाणित नभएकोले उपभोक्ताद्वारा पेश भएको डोर हाजिरीमार्फत भुक्तानी भएको रकम वास्तविक खर्च भनी मान्न सकिएन। साथै निर्माण व्यावसायीबाट कम मूल्यमा काम गराई उपभोक्ताको योगदान नगरेकोले, वास्तविक खर्चमा उपभोक्ताको योगदान न्युन रहेको देखिन्छ ।

| गो.भौ नं/मिति | उपभोक्ताको नाम | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम | नपुग उपभोक्ताको अंश बापतको रकम |
|---|---|---|---|---|---|
| २९/२०७६/८/१९ | धनढुंगा मनाना भरता लाटामाण्डौं गणेशपुर सडक | २४००००० | बडैला कन्स्ट्रक्सन | २४००००० | ५०८५३५ |
| ६६/२०७६/११/८ | मष्टा मन्दिर स्वास्थ्य चौकी डिल गणेशपुर सडक | २२६०८०० | दुर्गा गन्यापधुरा निर्माण सेवा | २२६९०४० | ४५०८९९ |
| ७२/२०७६/८/५ | खोली सुन्न धामिगाउँ सडक निर्माण | ४८००००० | एस्.के कन्स्ट्रक्सन | ४८००२४० | १००१०४७ |
| ९२/२०७७/१/२९ | चौकामाण्डौ गनेडा कपाडीगाउँ कैलपालमाण्डौ सडक | १९९२००० | डि.के कन्स्ट्रक्सन | १९९७८४० | ४११७७३ |
| १०५/२०७७/२/७ | चम्साल सडक | २८३२०० | गन्यापधुरा निर्माण सेवा | २८५३२५ | ५५९४१ |
| १०६/२०७७/२/७ | स्वास्थ्य चौकी भवनसम्म सडक | ३८४००० | नवदुर्गा गन्यापधुरा निर्माण | ३८४२०० | ७७९५० |
| १६२/२०७७/३/२५ | घपोला अन्तोला सडक | २३६८१६ | नवदुर्गा गन्यापधुरा निर्माण | २४०१२५ | ५६७११ |

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>१७७/२०७७/३/२९</td><td>नेउली कुलेडी सडक निर्माण</td><td>५३५२००</td><td>डि.के कन्स्ट्रक्सन</td><td>५७७३००</td><td>१७७१५६.५</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२७४००१२.५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६.</td><td>
पाईप तथा सामग्री खरिद : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(१) अनुसार सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्दछ । कार्यालयले देहायका फर्मबाट विभिन्न साईजका पाईप र तारजाली खरिद गरी रकम भुक्तानी गरेको छ। खरिद गरिएको पाईप र तारजाली वितरणको अद्यावधिक विवरण तथा हस्तान्तरण फारम पेश भएको छैन ।उक्त पाईप र तारजाली जडान भई नापजाँचपश्चात कार्यसम्पन्न प्रतिवेदन र कार्यस्वीकार समेत पेश नभएको जिन्सी अभिलेख समेत अद्यावधिक गर्ने नगरेकोले, खरिद भएको पाईप र तारजाली जडानको नापजाँच गरि, कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु
<table>
<tr><th>भौ.नं/मिति</th><th>फर्मको नाम</th><th>सामग्री र साईज</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>५७/२०७६/१०/२२</td><td>एलिसा हार्डवेयर एण्ड सप्लायर्स</td><td>विभिन्न ८ साईज</td><td>४६५०</td><td>३०४७०४.५</td></tr>
<tr><td>१६५/२०७७/३/२८</td><td>वन्दना हार्डवेयर एण्ड सप्लायर्स</td><td>भिन्न ४ पाईप तथा जाली १० पिस</td><td>१८९३<br>१० पिस</td><td>१५९४३६.०</td></tr>
<tr><td>१४९/२०७७/३/२२</td><td>वडा अध्यक्ष, ईन्द्र बहादर कार्की</td><td>टंकि<br>विभिन्न ४ साईज पाईप</td><td>२ थान<br>२३६०<br>१२ थान</td><td>१४६२४८.०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>६१०३८८.५</td></tr>
</table>
</td><td>६१०३८८.०</td></tr>
<tr><td></td><td>सशर्त चालुतर्फ</td><td></td></tr>
<tr><td>४७.</td><td>शिक्षक दरवन्दी र पदपूर्ति -स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २३ सामुदायिक विद्यालयहरुको कुल शिक्षक दरबन्दी १३९ रहेको १३५ संख्यामानै पदपूर्ती भएको छ । सो मध्ये ४५ संख्यामा करारमा शिक्षक कार्यरत रहेका छन्।</td><td></td></tr>
<tr><td>४८.</td><td>स्वयम् सेवक शिक्षकः कार्यालयले गाउँपालिका अन्तर्गत रहेका १९ विद्यालयमा कार्य गर्ने गरी स्वयमसेवक शिक्षक नियुक्त गरी रु १४९९७३२.७७ भुक्तानी गरेको छ।कार्यालयबाट प्राप्त विवरण अनुसार अधिकाँश विद्यालयमा शिक्षक दरबन्दी समायोजनका लागि कार्यालयले प्रयास गरेको छैन।स्वयम सेवक शिक्षक नियुक्तीको आवश्यकता पहिचान नभई, कानुनी व्यवस्थाबेगर स्वयमसेवक शिक्षक नियुक्त गरेकोमा, निजहरुको कार्यसम्पादन सम्बन्धमा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु</td><td>१४९९७३२.७</td></tr>
<tr><td>४९.</td><td>शैचालय निर्माण सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७मा उपभोक्ताको हरेक किस्ताको (६) भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई आएको आधारमा भुक्तानी दिनसकिने व्यवस्था गरेको छ।मिति २०७७।३।३०मा यस कार्यालयले विभिन्न ६ विद्यालयहरुलाई भवन तथा शौचालय निर्माण वापत रु ५१ लाख ८८ हजार ३६५ खातामा पठाएको र विद्यालयले तोकीएको कार्य सम्पन्न नगरेको कारण सम्बन्धित विद्यालयको खाता रोक्का राखेको देखियो ।यसरी आषाढ मसान्तमा बजेट फ्रिज नगराउने उद्देश्यवाट बिध्यालयले कुनै काम नगरेको अवस्थामा खातामा रकम पठाई खाता रोक्का राख्नु नियम सम्मत नदेखिएको तथा गणेश मा.वि वडालको छात्र शैचालयको कार्यसम्पन्न समेत पेश नभएकोले सोको कार्यसम्पन्न प्रतिवेदन पेश गरिनुपर्ने रु</td><td>७०००००.०</td></tr>
</table>

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५०. | **समायोजन तथा अन्य खर्चः** २/२०७६/६/१२, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ।कार्यालयले देहायको विद्यालयलाई निजि विद्यालयहरु समयोजन हुँदा समायोजन खर्च बापत कुल रु ४५००००.० भुक्तानी गरेकोमा सो रकम के कहाँ खर्च भएको विवरण पेश भएको छैन भने खर्च पुष्टि गर्ने बिल,भरपाई लगायत कागजात समेत पेश भएको छैन।बिल भर्पाईबिना भुक्तानी भएको रकमको खर्च पुष्टिको कागजात पेश गर्नुपर्ने रु | ४५००००.० |

| भौ.नं/मिति | विद्यालयको नाम | रकम |
|---|---|---|
| २/२०७६/६/१२ | लाटागन्याप प्रा.वि | २५००००.० |
| ७/२०७६/९/१४ | भुवनेश्वरी मा.वि | २०००००.० |
| **जम्मा** | | **४५००००.०** |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५१. | **सहजिकरण वापतको भत्ताः** अर्थमन्त्रालयको कार्य संचालन निर्देशिका २०७५ को परिच्छेद ७ को ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठि सेमिनार लगायतका खर्चको मापदण्ड मा उल्लेख भए अनुसार सम्बन्धीत कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने व्यवस्था छ । तालिम संयोजन वापत एक कार्यक्रमको रु ४०० र सहयोगी भत्ता बापत रु १५० तोकिएको । कार्यालयले देहाय बमोजिम कार्यक्रम संचालनमा उल्लेखित व्यवस्था विपरित सहजकर्ता भत्ता वापतको रकम भुक्तानी गरेकोमा नर्म्स विपरीत भुक्तानी भएको भत्ता रकम रु ४६५०.० अनियमित खर्च रु | ४६५०.० |

| भौ नं मिति | कार्यक्रम | बापत | नर्म्म अनुसार पाउनु पर्ने | भुक्तानि भएको | बढी भुक्तानी(कर कट्टा पछि) |
|---|---|---|---|---|---|
| ५२, २०७६।११।२९ | १ दिने अभिमूखिकरण तालिम | सहजकर्ता(१ जना) | २०००(५*४०० ) | ७५०० | ४३७५ |
| ५२, २०७६।११।२९ | १ दिने अभिमूखिकरण तालिम | सहयोगी | १५० | ५०० | २७५ |
| जम्मा | | | | | ४६५०.० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५२. | **पदाधिकारीलाई अतिरिक्त भत्ताः** सूदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा १ सँग सम्बन्धित अनुसूची १(ख) मा निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ ।कर्मचारीहरुले कार्यालयको नियमित काम कारवाही संचालन गर्दा अतिरिक्त भत्ता वा लाभ लिन मिल्ने देखिदैन ।कार्यलयमा देहाय बमोजिमका प्रयोजन बापत भुक्तानी भएको रु ५३०००/- नियमसम्मत नदेखिएको रु | ५३०००.० |

| भौ नं मिति | कार्यक्रम | पदाधिकारी/कर्मचारी संख्या | जम्मा रकम |
|---|---|---|---|
| ५२-०७६/११/२९ | १ दिने अभिमूखिकरण तालिम | २ जना | २००० |
| ११७-०७७/०३/२१ | कोभिड १९ क्वारेन्टाइन व्यवस्थापन बापत यातायात खर्च | १० जना | ३६००० |
| ११७-०७७/०३/२१ | PNC अनुगमन तथा सुपरिभिजन गरे वापत यातायत खर्च | २ जना (कर्मचारी) | १०००० (५ दिन*१०००) |
| ११७-०७७/०३/२१ | क्षयरोग कार्यक्रम सम्बन्धि अनुगमन तथा सुपरिभिजन गरे बापत यातायात खर्च | २ जना (कर्मचारी) | ५००० |
| जम्मा | | | ५३००० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५३. | **पारिश्रमिक करः-** आयकर ऐन,२०५८ को दफा ४ बमोजिम अनुसूची-१(२) अनुसार वार्षिक आयमा कर गणना गर्दा दम्पत्तिको हकमा (क) रु.४५०००००/- सम्म १%, (ख) रु.४५००००-५५००००/- मा रु.१०००००/- को १०%, (ग) रु.५५००००/- देखि ७५००००/- सम्म रु.२००००/- मा २०%, (घ) रु.७५००००/- देखि रु.२००००००/- सम्म रु.१२४५०००/- मा ३०% र रु.२००००००/- भन्दा बढीको आम्दानिमा घ बमोजिम लाग्ने करको दरमा थप २०% अतिरिक्त कर लाग्ने व्यवस्था छ ।कार्यालयले देहायको कर्मचारीको उल्लेखित व्यवस्था अनुसार कर कट्टि नभएकोले घटि कर कट्टि सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने तथा अन्य कर्मचारीको पनि पारिश्रमिक कर छानविन गरी असुल गरी दाखिला गर्नुपर्ने रु | १०५४३.० |

| क.सं. | कर्मचारीको नाम | पद | कर योग्य आय | पारिश्रमिक छुट | कर योग्य खुद रकम | कर |
|---|---|---|---|---|---|---|
| ०५४ | बासुदेव नौन्याल | ज.स्वा.नि(छैटौं) | ५१४९५५.७ | ४५०००० | ६४९५५.७ | ६४९५.५७ |
| ३ | बसन्ती कार्की | सि.अ.न.मी.(छैटौं ) | ४९०४८२.९ | ४५०००० | ४०४८२.९ | ४०४८.२९ |
| जम्मा | | | | | | १०५४३.८६ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५४. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन ।कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना कार्यान्वयन भएका छन् । साथै श्रमिकको संख्या पनि अधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, नाला, निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष वडा नं १,२,३,४ र ५ वडाका २७५ जनालाई रोजगारी उपलव्ध गराई रु. २२०८६००.०० खर्च गरेको छ ।लक्षित वर्गलाई १३ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना भएको देखिंदैन। | |

| **वडा नं** | **कार्यक्रम/योजना संचालन** | **रोजगार संख्या** | **कुल खर्च रकम** | **तलबमा खर्च भएको रकम** |
|---|---|---|---|---|
| १ | मतकट्टे देखि असिग्राम बाबा मन्दिर सम्मको गोरेटो बाटो निर्माण | ४५ | ४०००००.० | २९७०००.० |
| २ | श्री गणेश मा वि को घेरबार निर्माण | ६९ | १०९१०००.० | ७६४४००.० |
| | जिमरोडा माली गाँउ हुदै बडाल सम्म बाटो निर्माण | ३६ | ४०००००.० | २८०८००.० |
| ३ | सकायल खानेपानी योजना स्तरोन्नती | ३२ | ४०००००.० | २७९६००.०० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ४ | भात्काडा रेल सडक खण्डको लेउबाटा देखि रेल सम्म सडक स्तरोन्नती | ४५ | ४०००००.० | २७००००.० |
| ५ | भात्काडा रेल सडक खण्डको लेउबाटा देखि रेल सम्म सडक स्तरोन्नती | ४८ | ४०००००.० | ३१६८००.० |
| **जम्मा** | | | | २२०८६००.० |

५५. **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** – पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु ३५३७८५.० भुक्तानी दिएको पाईयो ।

| सि.नं. | भुक्तानी पाउने संस्था/व्यक्ति | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | अंकिलाल भट्ट | कला,संस्कृति, विद्युत मिटर वितरण | १०९१३५.० |
| २ | योगेन्द्र प्रसाद पाण्डे | आसिग्राम मन्दिर र भमदेयली भण्डार व्यवस्थापन | १४५८०३.० |
| ३ | व्यवस्थापन खर्च | वडा नं ३ स्वास्थ्य चौकी | ९८८४७.० |
| **जम्मा** | | | ३५३७८५.० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

**गाउँपालिका चालुतर्फ**

५६. **स्थानिय भत्ताः** निजामति सेवा नियमावली २०५० को नियम मा स्थानीय भत्ता पाउने स्थानमा गई काम गरे वापत तोकीएको दरमा स्थानीय भत्ता भुक्तानी दिन सकिने ब्यवस्था गरेको छ ।पालिकाले सवै स्थायी कर्मचारीहरुलाई स्थानीय भत्ता भुक्तानी गरेकोमा यसैपालिकामा स्थायी घर ठेगना भएका कर्मचारीहरुलाई समेत यस्तो भत्ता सुवधा दिएको देखियो । नियमको उक्त व्यवस्था अनुसार स्थायी घर पायक भन्दा बाहिर गई काम गरे वापत पाउनेको हकमा लागु हुने देखिन्छ ।तसर्थ पालिकामा स्थायी घर ठेगना भएका कर्मचारीहरुलाई सो सुवधा दिन मिल्ने नदेखिएकोले सो सम्बन्धमा समेत पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

५७. **खर्च पुष्टि नभएकोः**२१६।०७६। ९।२५ पालिकाले वडा सदस्य तथा सचिव र वडा अध्यक्ष लगायतका ४ जना लाई रु ६२,५५९।०० खर्च लेखेकोमा रकम बुझेको भर्पाईमात्र पेश हन आएकोले के वापत रकम वुझाएकोहो सो खुल्ने आधार प्रमाण पेश नभएको रु — बेरुजू रकम: ६२५५९.०

५८. **अबकास कोषः**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा मा पेन्सन प्रयोजनको लागि अबकास कोषको व्यवस्था गरेको छ । यस पालिकाले सो व्यवस्था बमोजिम विभिन्न कर्मचारी हरुवाट मासिक रुपमा रु ९,२८९।५६ तलव वाट कट्टा गरी राखेकोमा सम्वन्धित कोषमा दाखिला गर्नु पर्नेमा सो बमोजिम नगरी पालिकाको खातामा राखेको छ।ऐनले तोकेको कोषमा दाखिला गर्नु पर्दछ ।

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>५९.</td><td>अबलोकन भ्रमणः५४१।३।२८ अवलोकन भ्रमण वापत वडा नं ४ का वडा अध्यक्ष चेत राज भट्टले रु२०००००/- पेश्की लिएकोमा सो भ्रमण पश्चात पेश्की फछर्यौटको लागि पेश भएका प्रमाण कागजातको परीक्षणवाट देखिएका व्यहोरा निम्न छन् ।</td><td></td></tr>
<tr><td>५९.१.</td><td>गाडी माडा वापत भुक्तानी गरेको रु ५९५००/-मा आयकर ऐन २०५८ को दफा ८८ अनुसार कटाएको भाडा कर दाखिला नगरेको रु ५,९५०/- असुल गरी दाखिला गर्नु पर्ने रु</td><td>५९५०.०</td></tr>
<tr><td>५९.२.</td><td>गाडी भाडाको लागि दैनिक रु ८५००/- को दरले ईन्धन समेत संझौता गरेकोमा पुन ईन्धनको विल राखि पेश्की फछर्यौट गरेको देखिएकोले दोहोरो खर्च दावि गरेको देखिएको ७२४ लिटर ईन्धनको रु ६१,४३३/- निजवाट असुल हुनु पर्ने रु</td><td>६१४३३.०</td></tr>
<tr><td>६०.</td><td>ग्रामिण जलस्रोत तर्फःसार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) वमोजिम उपभोक्ता मार्फत गरेको कामको प्राविधिक मुल्यांकन गरी त्यस्तो समितिवाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । ग्रामिण जलश्रोत व्यवस्थापन परीयोजना अन्तरगत निम्न योजनाको लागि मेनका ब्रदर्शबाट पाईप फिटिङ्स लगायतका विभिन्न सामान खरिद गरेको बिलको आधारमा पाईप जडानको प्राविधिक मूल्याङ्कन वेगर भुक्तानी गरेको र कामदारको मष्टरोल पेश गरेको आधारमा खर्च लेखेको देखियो।यसरी कामको प्राविधिक मूल्याङ्कन नगरी गरेको खर्चबाट कामको यथार्थता यकिन गर्न नसकिएकोले सो सामग्री जडान गरी कार्यसम्पन्न पेश गर्नुपर्ने रु
<table>
<tr><th>गो भौ नं र मिति</th><th>योजनाको नाम</th><th>भुक्तानी विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१४४।०७७।३।३१</td><td>गणेशपुर सब सेन्टर खा पा तथा सरसफाई योजना</td><td>पाईप फिटिङ्स लगायत</td><td>२२,०३,३००.०</td></tr>
<tr><td>१९२।०७७।३।१६</td><td>तिमिल टु कुनेचाल क्रा खा पा योजना</td><td>पाईप फिटिङ्स लगायत</td><td>३४००००.०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२५४३३००.०</td></tr>
</table></td><td>२५४३३००.०</td></tr>
<tr><td>६१.</td><td>अग्रिम करः आयकर ऐन २०५८ को दफा ८८ ले लगानी प्रतिफल,शेवाशुल्क तथा भाडा भुक्तानी र दफा ८९ मा ठेक्का वा करारको भुक्तानी गर्दा तोकीएको दरले श्रोतमानै कर कटाई भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले मेनका ब्रदर्श लाई गरेको सो भुक्तानीमा ऐनको उक्त व्यवस्था वमोजिम रु ३३५९७.३४ अग्रिम कर कटाउनु पर्नेमा २३३०३.३४ मात्र कटाएको देखिएकोले घटी कट्टा गरेको रु १०२९४/- असुल गरी राजस्व दाखिला गर्नु पर्ने देखएको रु</td><td>१०२९४.०</td></tr>
<tr><td>६२.</td><td>कर विजकः मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले तोकिएको ढाँचामा रीतपुर्वकको कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । उपरोक्त बमोजिम ग्रामिण जलश्रोत व्यवस्थापन परीयोजना अन्तरगत सञ्चालित कार्यक्रममा उपभोक्ताहरुले पेश गरेको विल भर्पाई तथा मष्टरोलको आधारमा खर्च भुक्तानी हुने गरेकोमा परीयोजनाले प्राविधिक कार्यको मुल्यांकन गराई भुक्तानी दिंदा कर विजक जारी गर्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td>सामाजिक सुरक्षातर्फ</td><td></td></tr>
</table>

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| ६३. | **सामाजिक सुरक्षा खर्चः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १५ बमोजिम कार्यालयले पेश गरेको विवरण अनुसार आ व २०७५।७६ मा कुल ५ वडामा सामाजिक सुरक्षा भत्ता बापत रु ३५३६३६००/- वितरण गरेको छ ।यस सम्बन्धमा देहायका व्यहोरा देखिएको छ। | |
| ६३.१. | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एस) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेमा समयमै सो कार्य भएको छैन ।मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लगातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा सामाजिक सुरक्षाको मुल अभिलेख पेश भएको छैन । यसले गर्दा लाभग्राहीको यथार्थ तथ्याङ्क एकिन गर्न सकिएन । | |
| ६३.२. | **बैंक मार्फत भत्ता वितरण नभएकोः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ७ को दफा २२ मा स्थानिय तहले सर्शत अनुदानको सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम मन्त्रालयको स्वीकृती वेगर हातहातै नगद वितरण गर्न नपाइने उल्लेख छ । गाँउपालिकाले वडा नं १,२,३,४,५ मा पहिलो चौमासीकमा बैकिङ्क प्रणाली मार्फत भत्ता वितरण नगरी स्वीकृती विना हातहातै नगद वितरण गरेको पाईयो । वडा नं ३ अन्तर्गत बालबालिका शिर्षकमा एकै व्यक्तिले ६ जना बालबालिकाको भर्पाई बुझेको पाईयो । यसरी वितरित सामाजिक सुरक्षा सम्बन्धित सेवाग्राहीले प्राप्त गरे नगरेको यकिन हुन सकेन ।कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्दछ । | |
| | **धरौटी** | |
| ६४. | **घटी मौज्दातः** गाँउपालिकाले धरौटी तर्फको अभिलेख अद्यावधिक गरेको छैन ।गोश्वारा धरौटी तथा व्यक्तिगत धरौटी खाता नराखेको कारण धरौटी तर्फको कारोबार एकिन हुनसकेको छैन ।गत विगत वर्षहरुको अभिलेख प्रस्ट नभएको कारण धरौटी जिम्मेवारी सरेको र मौज्दातमा फरक रहेको छ ।यस आर्थिक वर्षको अन्तसम्म रु १६६५८०१.० मौज्दात रहनुपर्नेमा गाँउपालिकाको आर्थिक विवरण बमोजिम रु ११९४५१४.० मात्र रहेको छ ।कतिपय धरौटीलाई आम्दानी नगर्ने र धरौटी खाताबाट फिर्ता गर्नुपर्ने रकम पूँजीगत खर्च खाताबाट फिर्ता गरेको अवस्था छ ।श्रेस्ताबाट राखिने मौज्दात र आर्थिक विवरणबाट देखिने मौज्दात बीच फरक रहेको रु ४७१२८७.०को हिसाब मिलान गर्नुपर्ने रु | ४७१२८७.० |
| | **विपद् व्यवस्थापन** | |
| ६५. | **विपद् व्यवस्थापन कोष** - विपद् जोखिम् न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७, मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानिय तहमा विपद् व्यवस्थापन कोषमा रहने रकम भुक्तानी गर्ने गरेको देखिन्छ ।गाउँपालिकामा रहेको उक्त कोषमा गत बर्षको मौज्दात ० रहेको, यो आ.व.मा रु १०९१२००५.३२ जम्मा भएको र रु ५८२०१४७.० खर्च भएको र रु ५०९१८५७ बाँकी रहेको देखिन्छ।विपद् व्यवस्थापन कोषको कार्यविधि तयार गरी कार्य गर्नुपर्दछ। | |
| ६६. | **पेश्कि बाँकीः** आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ७४(३) मा पेश्की दिएको रकम म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्दछ। | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| | सि नं | पेश्कि लिनेको नाम | पद/ठेगाना | प्रयोजन | रकम रु | |
| | | म्याद ननाघेको | | | | |
| | १ | एस.के.कन्सट्रक्शन | | निर्माण | ११५७५७०.० | |
| | जम्मा | | | | ११५७५७०.० | |

## गन्यापधुरा गाउँपालिका सञ्चित कोष विवरण
## २०७६।७७

**अनूसुची १**

(रु हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | आय | | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाडफाड | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | गन्यापधुरा गाउँपालिका | डडेल्धुरा | १४९७५ | २६६८१९ | ३९१६७ | ३२३४ | ६४०४२ | ३८८२३७ | २२०३७८ | ११३६१५ | ५३०५० | ३८७०४३ | ११९४ |

## बेरुजु वर्गकरण( बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७६।७७

**अनुसुची २**

(रु हजारमा)

| क्र.स | स्थानीय तह | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सै | ल | रकम | सै | ल | रकम | सै | ल | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | **जम्मा** |
| १ | गन्यापधुरा गाउँपालिका | ४९ | २२ | १२६३२ | ० | ० | ० | ४९ | २२ | १२६३२ | १८८ | ४३६ | १२००८ | ० | ० | १२४४४ | ० | ० | ० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७६।७७

**अनूसुची ३**

(रु हजारमा)

| स्थानीय तह | गत बर्ष सम्मको बाँकी वेरुजु | समायोजन | सं प को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको बाँकी रकम | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु | ५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|
| गन्यापधुरा गाउँपालिका | १६५६९ | ० | २४९७ | २४९७ | ० | ० | १४०७२ | १२६३२ | २६७०४ | २१३ |